# प्रतिज्ञा





*आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो।*

उत्पत्ति १:१

# सृष्टिको प्रारम्भ

**समयको शुरुआत** हुनुभन्दा पहिले न अग्ला रुखहरु थिए न त ठूला ठूला पहाडहरु थिए न त तारामय आकाश थिए। केवल परमेश्वर मात्र हुनुहुन्थ्यो। यो कुरा आफनो सत्य पवित्र वचन बाईबलद्वारा परमेश्वर हामीलाई बताउनुहुन्छ।

परमेश्वरले स्वर्ग र पृथ्वी सृष्टि गर्नुभयो। तर पृथ्वी आकार विनाको शुन्य थियो। अनि परमेश्वरले भन्नु भयो, *"उज्यालो होस!"* तब उज्यालो भयो। हामी देख्दछौ की परमेश्वर सर्वशक्तिमान् हुनुहुन्छ। आपनो शक्तिशाली वचन द्वारामात्र उहाँले स्वर्ग र पृथ्वीमा पाइने प्रत्येक बस्तुको संरचना गर्नुभयो।

परमेश्वरले सम्पूर्ण कुराको सृष्टि छ दिनमा गर्नु भयो। यो सत्य हो। उहाँलाई यी सम्पूर्ण कुराको सृष्टि गर्न करोडौं बर्ष लागेन; परमेश्वरको वचन वाइवलले सृष्टिका ६ दिनको सृष्टि गर्दछ। जव हामी पढ्दछौं, *"साँझ पऱ्यो विहान भयो, पहिलो दिन।"* यसै गरी दोस्रो तेस्रो र छैटौं दिनसम्म लेखिएको छ। प्रत्येक दिन परमेश्वरले भन्नु भयो, *"यस्तो होस,"* अनी उहाँको शक्तिशाली बचनद्वारा यी वस्तुहरुको सृष्टि भयो। उज्यालो, स्वर्ग, जमिन, समुन्द्र नदी, बोट-बिरूवाहरू, रुख, सूर्य, चन्द्रमा, ताराहरु, माछाहरु, घरपालूवा तथा जंगली जनावर, परमेश्वरले गर्नु भएको हरेक काम र रचनामा एक निश्चित बन्दोबस्त थियो।

तर सम्पूर्ण प्राणीहरु भन्दा सर्वश्रेष्ठ प्राणी को सृष्टि छैटौँ दिनमा भयो। यी पुरुष र स्त्री थिए र पुरुष र स्त्री अरु भन्दा धेरै कारणले विशेष छन्। आदम, पहिलो मानिस परमेश्वर आफैले जमिनको माटोबाट बनाउनु भयो र पहिली स्त्री हव्वा, परमेशवरले आदमको एक करङ्गबाट बनाउनु भयो।। साँच्चै यिनीहरु अचम्म प्रकारले बनाइए।

मानिस यसरी पनि विशेष छ। किनभने उ परमेश्वरको स्वरूपमा बनाइयो। यसको मतलब यो होईन की मानिसको रुप परमेश्वरको जस्तो छ। मानिस परमेश्वर जस्तो देखिन सक्दैन। किनभने परमेश्वर आत्मा हुनुहुन्छ। परमेश्वर मानिसको जस्तो मासु र हड्डीको शरीरमा हुनुहुन्न। परमेश्वरको स्वरूपमा सृष्टि हुनु भनुको अर्थ यो हो की, सृष्टिको समयमा पुरुष र स्त्री परमेश्वरको जस्तै पूर्ण थिए। उनीहरु पाप रहित, परमेश्वरको पुर्ण ज्ञानमा थिए। जब परमेश्वरले सृष्टिका रचना समाप्त गर्नुभयो, तब उहाँले भन्नु भयो, *"यिनीहरु सबै साहै असल छन्।"*

परमेश्वरले मानिसलाई शरिरको साथ साथै जीवित आत्मा पनि दिनु भयो। परमेश्वरले मानिस जातिलाई मात्र शरीर र आत्मा दिनु भयो। अरु कुनै पनि प्राणीहरुका यस्तो आत्मा छैन।

मानिसलाई विशेष रुपमा बनाइनु तथा परमेश्वरको रुपमा सृष्टि

गरिनुको साथ-साथै मानिसलाई पृथ्वी र त्यसमा भएका सम्पूर्ण बस्तुहरु माथि शासन गर्ने अधिकार दिनु भयो। समुन्द्रका माछाहरु, हावामा उड्ने चराहरु, घरपालूवा जनावर, जमिन र त्यसमा भएका सम्पूर्ण प्राणीहरुको रेख्देख् गर्ने जिम्मा मानिसलाई सुम्पनु भयो। परमेश्वरले मानिसमा कति ठूलो उत्तरदायित्व सुम्पनु भएको थियो।

तर आज पापको कारण मानिस जाति परमेश्वरको सृष्टिको हेरचाह गर्दैनन्। जसरी उनीहरुले गर्नु पर्ने थियो।

हामीहरु परमेश्वरले बनाउनु भएको यस सुन्दर संसारको दुरुपयोग गर्छौं। हामी कालो धुवाले वातावरण प्रदुषित गर्छौं। नदीलाई दुषित पानीले फोहोर गर्दछौं। हाम्रो गाँउ सहरलाई फोहोर मैला छरेर दूर्गधिन्त पार्छौं। हामी जंगली जनावरको सिकार गर्छौं। रुख विरुवा काटेर नोक्सान गर्छौं तर त्यसको सट्टामा नयाँ विरुवा लगाउने विचार गर्दैनौं।


हामीहरु परमेश्वरको सृष्टिको असल हेरचाह गर्नेहरु हुन सकेनौं जस्तो हामीहरु हुनु पर्ने थियौं। आज हाम्रो संसार त्यो सुन्दर सृष्टि छैन। जसको रचना परमेश्वरले गर्नु भएको थियो।

हामी आफनो शरीरको पनि राम्ररी हेरचाह गर्दैनौं। हामी आफनो शरीरको दुरुपयोग गर्दछौं। हामी मद्यपान, धुम्रपान गरेर आफनो शरीरलाई नष्ट पार्दछौं। हामी परमेश्वरले बनाउनु भएको जस्तो पवित्र प्राणी छैनौं।

आफनो शरीर र यस संसारको दुरुपयोग र त्यसमाथि अत्याचार गर्नुको सट्टामा हामी परमेश्वर प्रति धन्यवाद दिनु पर्दछ। आफनो शरीरको राम्रो हेरचाह गर्नुपर्दछ। परमेश्वरले हामीलाई अचम्म प्रकारले बनाउनु भएको कारण हामीले उहाँलाई धन्यवाद दिनुपर्दछ। अरु कुनै प्राणी हामी जस्तै सोच विचार गर्न सक्दैनन्। जसरी हामी हातहरुको प्रयोग गर्छौं, अरु कुनै प्राणी हामीले गरे जस्तै गर्न सक्दैनन्।


हाम्रो जस्तो आत्मा अरु कुनै प्राणीमा छैन, त्यो आत्मा परमेश्वरले दिनु भएको उपहार हो। परमेश्वरको पुत्र येशु ख्रीष्टमा विश्वास गर्‍यौं भने हाम्रो आत्मा एक दिन परमेश्वरको साथमा फर्किने छ। जसले हामीलाई आत्मा दिनु भयो। आउनुहोस् हामी परमेश्वरको स्तुतिमा आफनो आवाज खोलेर भनौं, *"परमेश्वरलाई धन्यवाद होस् किनभने उहाँ भलो हुनुहुन्छ!"*

**अरु अध्ययनको लागि बाइबलको उत्पत्तिको पुस्तकको एक र दुई अध्याय पढनुहोस्।**



*यसैकारण परमेश्वरले मानिसलाई आफनै स्वरूपमा सृष्टि गर्नुभयो। परमेश्वरकै प्रतिरुपमा उहाँले तिनलाई सृष्टि गर्नुभयो। नर र नारी नै गरी उहाँले तिनीहरुलाई सृष्टि गर्नुभयो।*

उत्पत्ति १:२७



*एउटा मानिसद्वारा संसारमा पाप आयो, र पापद्वारा मृत्यु।*

रोमी ५:१२

# प्रतिज्ञा गरियो

**जव परमेश्वरले** स्त्री र पुरुषको सृष्टि गर्नु भयो, तब उनीहरुको जीवनमा निश्चित भूमिका दिनु भयो। उहाँले पति-पत्नीलाई एक अर्काको सहयोगी बनाउनु भयो। तर आदम हब्बाद्वारा पापमा फस्यो जसलाई शैतानले छल गरेको थियो। यसकारण संसार र मानिस जातिलाई गम्भीर परिणामको सामना गर्नु पर्‍यो आउनुहोस् हामी जानौं कि यो सब कसरी भयो।

संसारको सृष्टि पछि परमेश्वरले हाम्रा पहिलो पुर्खालाई एक सुन्दर बगैचामा राख्नु भयो। यो अदनको बगैचा थियो। यो एकदम सुन्दर बगैचा थियो। हेर्नमा सुन्दर फल र खानलाई उपयुक्त फल फल्ने हरेक रुख विरुवा यस बगैचामा थिए। मानिस, जिव, जन्तु, रुख, विरुवालाई पानीको आवश्यकता पूरा गर्ने एक नदी यस बगैचामा बहन्थ्यो। आदम र हव्वा धेरै खुसी थिए। झंझट गर्नु पर्ने काम थिएन तर आनन्दमय थियो।

तर आदमलाई एउटा आज्ञा दिइएको थियो। परमेश्वरले वगैचाको विचमा रहेको असल र खराबको ज्ञान दिने रुखको फल नखानु भन्नु भएको थियो। परमेश्वरले भन्नु भएको थियो यदि आदमले त्यस रुखको फल खायो भने निश्चय नैं उसको मृत्यु हुनेछ।

शैतान जो पहिले एक स्वर्गदूत थियो, परमेश्वरको आज्ञाको उलङ्घन गेरर पापी भयो। सो शैतान त्यास स्थानमा आयो। उसले हव्वालाई प्रश्न सोध्यो। परमेश्वरको वचन विरुद्धमा हव्वाको मनमा संका उत्पन्न गरायो। उसले हव्वा सँग झुटो बोल्यो। हव्वालाई शैतानले भन्यो, *"तिमी मर्ने छैनौ किनकि परमेश्वर जान्नुहुन्छ जुन दिन तिमिहरु त्यो खान्छौ त्यही दिन तिमीहरु परमेश्वरजस्तै हुनेछौ।"* तब हव्वाले देखिन् कि त्यो फल खानको लागि असल छ। उनले त्यो टिपेर खाइन् र आदमलाई पनि खान दिइन। आदमले पनि त्यो फल खायो। तिनीहरुले परमेश्वरले दिनु भएको आज्ञाको उलङ्घन गरेर पाप गरे। तिनीहरुको कारण आफू र यस संसारमा परमेश्वरको दण्डलाई निम्त्याए। तुरुन्तै तिनीहरु आत्मिकी रुपमा मरे र पछि गएर शारीरिक रुपमा पनि मरे।

आदम र हव्वाले पाप गरेको प्रमाण आज पनि हामीहरु प्रत्येकको जीवनमा झल्किन्छ।

तपाई हामी सबैले परमेश्वरको स्वरुपलाई गुमाई सकेका छौ। अव हामी पापरहित होइनौ तर पापी भएका छौ; हामी परमेश्वरको पूर्ण ज्ञानमा छैनौ।

परमेश्वरले के भइरहेको थियो जान्नुहुन्थो। उहाँले आदम र हव्वालाई दण्डदिन अदनको वगैचाबाट बाहिर निष्कान गरिदिनु भयो। परमेश्वरले आदमलाई भन्नु भयो अव जीवनमा उसले कठिन परिश्रम गर्नु पर्दछ।

यो परिश्रम दर्दमय हुनेछ। आज यस्तै छ, होइन र? आदमको खेतमा सिउँडी र काँडाहरु उम्रिने छन। आजकल पनि तिनीहरु उम्रिन्छन। परमेश्वरले आदमलाई भन्नु भयो उसको शरीर माटोमा मिल्नेछ। आज हाम्रा शरीर पनि माटोमा मिल्दछ। जव हामी मर्छौं, के यस्तो हुदैन? परमेश्वरले हव्वालाई भन्नु भयो-असाध्य वेदनासाथ बालक जन्माउने छेस्। यस्तै हुन्छ, हुन्न र? परमेश्वरले भन्नु भयो उनका लोग्नेले उनलाई अधिनमा राख्नेछ। आज यस्तै छ।

तर परमेश्वर न्याय गर्ने मात्र नभएर दयालु क्षमा गर्ने प्रभु हुनुहुन्छ। उहाँले आदम हव्वा र हामी सबै पापीहरुको लागी एक अद्भुत र उदेक्को प्रतिज्ञा दिनु भयो। परमेश्वरले हाम्रो लागि एक उद्धारकर्ता पठाउने प्रतिज्ञा गर्नु भयो। उहाँले भन्नु भयो पठाइएको उद्धारकर्ताले शैतानको शक्तिको नास् गर्नेछ। तर यो प्रक्रिया पुरा गर्न उहाँले मोल तिर्नु पर्ने छ। जुन उद्धारकर्ता, जसको प्रतिज्ञा धेरै समय पहिले गरिएको थियो, उहाँ कोही अरु नभएर परमेश्वरको पुत्र येशू ख्रीष्ट हुनुहुन्छ। दुःख पिडा सहेर क्रुसमा हाम्रो निम्ति प्राण त्यागी अनि तेस्रो दिनमा पुनःजिवित भई उहाँले मानिस जातीको पापको भारी, मृत्युको डर र शैतानको शक्तिबाट मुक्त गर्नु भएको छ।

तपाई र मलाई त्यो उद्धारकर्ताको आवश्यकता छ। हामी यस संसारमा पापी मानिस जातीको रुपमा जन्मलिन्छौं। यो पापमय स्थिति हामीमा हाम्रा प्रथम पुर्वज आदम र हव्वाबाट आउँछ। हाम्रो दिन दिनको जीवनमा हामी अनेकौ पाप गर्दछौ। हामी परमेश्वरका आज्ञा पालन गर्नमा असफल रहन्छौ अथवा परमेश्वर भन्दा बढी कुनै कुरालाई महत्व दिन्छौं भने, पाप गर्दछौं। हामी पापी विचार राख्छौं, खराव शब्द बोल्छौ, पापमय काम गर्छौं। फलस्वरुप तपाई र हामी नरकमा अनन्त मृत्युको भागीदार बन्छौं।


हाम्रो सान्तवना यस कुरामा छ की परमेश्वरले उद्धारकर्ता पठाउने आफ्नो प्रतिज्ञालाई पुरा गर्नु भएकोछ। हामी बाइबलको माध्यमबाट त्यो उद्धारकर्तालाई चिन्न सक्छौ।

**मानिस पापमा फसेको बारेमा आफै थाहा पाउनको लागि बाइबलको उत्पत्तिको पुस्तक तीन अध्याय पढ्नुहोस्।**

*तेरो र स्त्रीको बीचमा, र तेरो सन्तान र स्त्रीको सन्तानको बीचमा म दुश्मनी हालिदिनेछु*

उत्पत्ति ३:१५





*आज दाऊदको शहरमा तिमीहरुका निम्ति एउटा मुक्तिदाताको जन्म भएको छ, जो ख्रीष्ट प्रभु हुनुहुन्छ।*

लूका २:११

# प्रतिज्ञा पुरा भयो

**परमेश्वरले** आदम र हव्वालाई प्रतिज्ञा गरे देखि उद्धारकर्ता को आगमनको बीचमा धेरैमा समय वितिसकेको थियो। त्यस समयमा परमेश्वरले आफना मानिसहरुलाई ढाङ्स दिनको लागि धेरै भविष्यवक्ता र अगमवक्ता पठाउनु भयो, मानिसहरु निरन्तर आउनु हुने उद्धारकर्ताको प्रतिज्ञा गरिरहेका थिए। भविष्यवक्ताले प्रचारको समयमा मानिसलाई उद्धारकर्ता कस्तो हुनेछ र कसरी कार्य गर्ने छ भन्ने बारेमा बताएका थिए। जव ठिक समय आयो बिजुली चम्के झै अनि बादल गर्झे झै यस पृथ्वीमा सबै मानिसहरुको लागि उद्धारकर्ताको जन्म भयो।

उहाँको जन्म आज भन्दा दुई हजार तिन वर्षभन्दा पहिले इस्रायलको बेतलेहम भन्ने एउटा सानो गाउँमा भएको थियो। उहाँ कन्य मरियमको कोखवाट जन्मिनु भयो। उहाँ गाईको डूँड़मा जन्मिनु भयो किन भने बेतलेहम गाउँ भरी जन्मनको लागि कुनै ठाउँ थिएन।

स्वर्गदूतहरूले अचम्मको जन्मको खवर गोठालाहरुलाई दिए। बाइबलमा हामी थाहा पाउँछौ गोठालाहरु स्वर्गदूतलाई देखेर साहै डराए। स्वर्गदूतले तिहरूलाई भने, *"नडाराओ किनभने हेर, म तिमीहरुलाई बड़ो आनन्दको सु-समाचार सुनाउँछु, जो सबै मानिसहरुका निम्ति हुनेछ। आज दाऊदको शहरमा तिमीहरुका निम्ति मुक्तिदाताको जन्म भएको छ, जो ख्रीष्ट प्रभु हुनुहुन्छ।"*

परमेश्वरले आफनो प्रतिज्ञा पूरा गर्नको लागि एक विशेष व्यक्ति दिनु भयो। परमेश्वर पिता, परमेश्वर पुत्र र परमेश्वर पवित्र आत्मा, यी तीनै एउटै अस्तित्व हुन; एउटै मात्र परमेश्वर हुनुहुन्छ।

हामी जान्दछौ कि उहाँ एक सत्य परमेश्वर हुनुहुन्छ। किनकि बाइबलले हामीलाई बताउँछ कि उहाँ सृष्टिको समय उपस्थित हुनुहुन्थ्यो। उहाँ सर्वशक्तिमान र पापरहित हुनुहुन्छ। परमेश्वर पिताले बाइबलमा दुई पटक् उहाँको बारेमा भन्नु भएको छ। *"यि मेरा प्रिय पुत्र हुन जसलाई म प्रेम गर्दछु।"*

यही समयमा हामी जान्दछौ कि उहाँ एक मानव पनि हुनुहुन्छ। जसलाई अरु मानिस जस्तै खान, आराम गर्न, आदिको आवश्यकता छ। उहाँ पनि मानव शरीरमा हुनुहुन्छ र उहाँ संग पनि भावनाहरु छन्।

तर पनि उहाँ अरु सबै मानिसभन्दा फरक हुनु हुन्थ्यो। उहाँ शैतानबाट परिक्षामा पर्नु भयो तर पाप गर्नु भएन, उहाँ धर्मी र पवित्र हुनुहुन्थ्यो।

जब यि उद्धारकर्ता जसको नाउँ येशु हो, तिस बर्षको हुनुहुन्थ्यो, तब उहाँले सु-समाचार प्रचार गर्न शुरु गर्नु भयो। धेरै भन्दा धेरै मानिसहरु उहाँका वचन सुन्न र उहाँलाई हेर्न आउँथे।

उनीहरु यसकारण आउथे कि उहाँ अधिकारसाथ बोल्नु हुन्थ्यो। धेरै पटक उहाँ आफनो प्रचारको समयमा दृष्टान्त र साधारण उखानको

प्रयोग गर्नु हुन्थ्यो जस संग धेरै आत्मिक अर्थ पनि गाँसिएका हुन्थे। यस्तै एक दृष्टान्तमा त्यस व्यक्तिको बारेमा जो आफनो खेतमा बीउ छर्न गयो। केही बीउ बाटोमा खसे, जुन चराले खाइदिए। केही बीउ चट्टानमाथि परे र केही समय पछि सुकिहाले किन भने तिनमा जरा गाड्ने ठाँउ थिएन। केही काडाँहरु र झाडीहरुमा परे र काडाँ र झाडीहरुले बढन दिएनन र कुनै बीउ असल जमीनमा परे र बढेर धेरै गुणा फल फलाए।

येशूले यस दृष्टान्तको अर्थ सम्झाउनु भयो। उहाँले भन्नु भयो कि बीउ परमेश्वरको वचन हो। आउँछ र परमेश्वरमा विश्वास गेर तिम्रो उद्धार छ भन्ने। र अरु केही मानिसहरु छन् जो विश्वास गर्दछन्, तर जब समस्या पर्दछ पछि हृदच्छन्; तिनीहरु पहानले भरिएको मैदानमा पेन बीउ जस्तै हुन। यिनीहरु चट्टान माथि उम्रेको बीउ जस्तै हुन। काँडा र झाडीमा उम्रने बीउ त्यो बचन हो जो सुनेर विश्वास त गरे तर संसारको भोग विलास, धन र चिन्ताले उनीहरुको विश्वासलाई दवाई दिन्छ र असल जमिनमा पर्ने बीउ जो सुन्दछन् र येशू नै परमेश्वरद्वारा पठाइएको मुक्तिदाता हुनुहुन्छ भन्ने विश्वास गर्दछन्। पवित्र जीवन जिउछन् र बचाइएका छन्। के हामी चाहन्दैनौ कि येशू प्रभुले सुनाइएका सु-समाचारलाई हाम्रो हृदयमा विश्वासद्वारा भरि दिउँ?

येशूले धेरै आश्चर्य काम पनि गर्नुभयो। आश्चर्य काम ति हुन् जो परमेश्वर मात्र गर्न सक्नुहुन्छ। ति आश्चर्य काम यसकारण गरीए, यो सावित होस् को येशू नै परमेश्वरका पुत्र हुनुहुन्छ। उहाँले पानीलाई दाखमद्यमा परिणत गरी, अनि गालीलको समुन्द्रमा आएको आँधीलाई सान्त गरेर प्रकृतीमाथिको आपनो अधिकारलाई प्रर्कट गर्नु भएको छ। उहाँले बिरामीहरु, बहिरा र अन्धाहरुलाई निको पारेर आपनो अधिकारलाई प्रर्कट गर्नु भएको छ। यति मात्र नभएर उहाँले नाइनकी विधवाको छोरा, याइरसकी छोरी र आफनो मित्र लाजरसलाई मृतकबाट जीवित गरेर मृत्यु माथि पनि आफनो अधिकार प्रर्कट गर्नुभएको छ।

येशू, जसको नामको अर्थ उद्धारकर्ता पनि हो, उहाँ नै हुनुहुन्छ जसको प्रतिज्ञा परमेश्वरले आदम र हब्बा सँग गर्नु भएको थियो। उहाँ तपाईको पनि उद्धारकर्ता हुनुहुन्छ। हामी बाइबलमा लेखिएको सु-समाचारबाट जान्दछौ की उहाँले हामीलाई बचाउनको लागि के गर्नुभयो। यो असल बीउ तपाईको हृदयमा परोस र तपाईले पनि परमेश्वरका पुत्र येशूमा विश्वास गरेर अनन्त जीवन प्राप्त गर्न सक्नुभएकोहोस्।

**उद्धारकर्ताको जन्मको बारेमा बाइबलको लूकाको पुस्तक २ अध्याय पढ्नुहोस्।**



*परमप्रभुको आत्मा ममाथि छ, किनभने गरीबहरूलाई सु-समाचार सुनाउनाको निम्ति उहाँले मलाई अभिषेक गर्नुभएको छ।*

लूका ४:१८



*किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँ आफ्ना एकमात्र पुत्रलाई दिनुभयो*

**यूहन्ना ३:१६**

# येशूले प्रतिज्ञा पूरा गर्नुभयो

**किन?** आखिर किन येशू जो परमेश्वर पिताको एक लौटे प्रिय पुत्र हुनुहुन्थ्यो, स्वर्गको महिमा त्यागेर यस संसारमा आउनु भयो? किन उहाँ जो सबै कुरामा सम्पन्न भएर पनि मानिसहरुको विचमा गरीव जस्तै भएर रहन मन पराउनु भयो? उत्तरमा हामी एउटा शब्दमात्र पाउँदछौ। **प्रेम!** परमेश्वर पिताले यस संसारलाई प्रेम गर्नुभयो र आफनो पुत्रलाई हामीहरुको विचमा रहनलाई पठाउनु भयो। येशूले हामीलाई यति धेरै प्रेम गर्नुभयो कि उहाँले आफै इच्छा गरेर दुःख पिडा सहनु भई हाम्रो लागि आफनो प्राण अर्पण गरेर हामीहरुको पापहरुको मोल तिर्नु भयो।

साँच्चै नै येशूले हाम्रो लागि दुःख उठाउनु भयो। त्यस समयका धार्मिक नेताहरु येशूलाई मार्न चाहन्थे। उनीहरु येशूले प्रचार गर्नु भएको क्षमा र प्रेमको सन्देसलाई घृणा गर्दथे। उनीहरु येशू परमेश्वरका पुत्र हुन् भन्ने कुरा विश्वास गर्दैनथे। यसकारण उनीहरु मिलेर येशूका चेलाहरु मध्ये एक यहुदा इस्करियोतलाई तीसवटा चाँदीका टुक्राहरु दिएर येशूलाई पक्राउन राजी गराए। यरुशलेम सहर भन्दा बाहिर गेतसमनी भन्ने बगैचामा जहाँ  येशू प्रार्थना गर्दै हुनुहुन्थ्यो। उहाँलाई पक्राउ गरेर बन्दी बनाइयो। उहाँलाई जाँच बुझ गर्न धार्मिक महासभाको अघाडी ल्याइयो। उनीहरुले येशू माथि आफैलाई परमेश्वरको पुत्र हुँ भन्दछ, भन्ने दोष लगाए। तर यहूदीहरू कसैल पनि मृत्यु दण्डदिन सक्दैनथे। अनि येशूलाई पन्तियस पिलातस रोमी हाकिमको न्यायलयमा लगियो। उहाँलाई निर्दयी साथ कोर्रा लगाइयो, काँडाको मुकुट उहाँको शिरमा राखियो। पिलातस येशूलाई छोडीदिन चाहन्थे किनकि उनले येशूलाई निर्दोष ठहऱ्याएका थिए। तर भिडले कराएर भने, *"क्रुसमा टाँग् क्रुसमा टाँग्।"*

येशूलाई अरु दुई जना डाँकुहरुको साथमा किला ठोकेर मृत्यु दण्डदिनलाई क्रुसमा टाँगियो। यरुशलेम देखि नजिकै गलगथा भन्ने पहाडमा उहाँलाई टाँगियो। क्रुसमा प्राण त्याग्दै गर्नु हुँदा येशूले सात चोटि केही वचन बोल्नु भयो। येशूले आफूलाई क्रुसमा टाँग्नेहरुलाई क्षमा दिनु भयो। उहाँले आफनी आमा मरियमलाई आफनो प्रिय चेला यूहन्नालाई रेखदेखको जिम्मा लगाएर आमाप्रतिको आफनो प्रेमप्रर्कट गर्नुभयो। आफूसँगै क्रुसमा टाँगिएका अपराधी मध्य एकलाई स्वर्गमा सँगै हुने वचन दिनु भयो। क्रुसमा धेरै लामो समयसम्म दुःख सहेर उहाँले कराएर भन्नु भयो, *"अब सिद्धियो।"* येशूले त्यो काम पुरा गर्नुभयो जुन कामको लागि उहाँ संसार मा आउनु भयो। उहाँले तपाई म र अरु सम्पूर्ण मानिस जातिको पापहरुको दण्ड आफू निर्दोष भएर पनि दुःख सहेर क्रुसको मृत्युद्वारा तिर्नु भयो। जब येशूले क्रुसमा आपनो प्राण त्याग्नु भयो, त्यस बेला सम्पूर्ण पृथ्वीमा कम्पन भयो, भुकम्प आयो। रोमी सिपाहीको हाकिमले भन्यो, *"यिनी साच्चै परमेश्वरका पुत्र हुन।"*

येशूका चेलाहरुले उहाँको मृत शरीरलाई चिहानमा लगेर राखे। एउटा ठूलो ढूङ्गा चिहानको प्रवेशद्वारमा राखियो। अनी रोमी हाकिमले चिहानमा छाप् लगाएर पहरेदारहरुलाई नियुक्त गरे ताकि येशूको मृतक् शरीर कसैले पनि चोरेर लैजान नसकोस्।

तर न मृत्युले न पहरेदारहरुले येशूलाई चिहानमा राखन सक्यो। धेरै समय अगाडी येशूले आपना चेलाहरुलाई धेरै चोटी आप्नु मृत्यूबाट पुनरुत्थान हुने कुरा बताउनु भएको थियो। र त्यस्तै भयो।

आईतबार विहान चाँडै, जुन हामी इस्टर सन्डे भनेर भन्दछौ, जब येशूलाई पछ्याउने केही स्त्रीहरु चिहानमा आए। उनीहरुलाई चिन्ता थियो, *"कि चिहानको ढुङ्गा कसले हटाई दिन्छ?"* तर जब उनीहरु नजीक आए उनीहरुले देखे की, ढुङ्गा पहिले नै हटाइएको थियो। त्यहाँ सिपाहीहरु पनि थिएनन्। अनि चिहान पनि रित्तो भेट्टाए। उनीहरुले स्वर्गदूतको आवाज सुने; स्वर्गदूतले आनन्दको सु-समाचार भन्यो, *"उहाँ यहाँ हुनुहुन्न किनकि उहाँले भने बमोजिम जीवित भई उठ्नु भएको छ आओ, उहाँलाई राखिएको ठाउँ हेर र चाँड़ो गएर उहाँका चेलाहरुलाई खबर देओ, किनको उहाँ जीवित हुनु भएको छ।"*

ती स्त्री, येशूका चेलाहरु र अरु सबै आन्नदित भए जसले यो समाचार सुनेका थिए। येशू परमेश्वरको प्रिय पुत्र जुन हाम्रो सट्टा दुःख सहन र क्रुसमा टागिन आउनु भयो, विजयी भएर मृत्यूबाट जीवित हुनु भयो। आज उहाँ जीवित हुनहुन्छ।

त्यस दिन देखि चालिस दिनसम्म येशूले लगभग र पाँचसय भन्दावढी मानिसहरुको सामु आफैलाई प्रकट गर्नुभयो। अनी आफना चेलाहरुको उपस्थितिमा आफनो हात उठाएर आषिश दिदैं स्वर्गमा जानुभयो। तबसम्म उहाँ स्वर्गमा परमेश्वर पितासंग सर्वोच्च शक्ति र महिमामा रहनुहुन्छ र न्यायको दिनमा फेरी आउनुहुन्छ।

तपाईको ह्रदयमा पनि अचम्मको आनन्दले भरिएको हुनुपर्दछ। तपाईको उद्धारकर्ताले तपाईको लागि कष्ट सहनु भयो र क्रुसमा टाँगिनु भयो। तपाईको बदलामा तपाईको पापको मोल तिर्नु भयो। येशू मृत्यूबाट जीवित हुनुभयो, यो प्रमाणित गर्नलाई की उहाँ नै साँचो परमेश्वर हुनुहुन्छ। उहाँको पुनरुत्थानद्वारा हाम्रा पापहरु क्षमा गरियो। जो परमेश्वर आज तपाइ सँग गर्दै हुनुहुन्छ। तपाई पनि यस प्रतिज्ञाको सहभागी बन्न सक्नुभएकोहोस्, स्वर्गदूतले ति स्त्रीहरुलाई भने, "गएर मानिसहरुलाई भन की येशू जीवित हुनुहुन्छ।" यसरी नै तपाई हामी पनि मानिसहरुलाई गएर भनौ की येशू जीवित हुनुहुन्छ, र सबैको उद्धारकर्ता हुनुहुन्छ।

**मत्तीको सु-समाचार २७ र २८ अध्यायमा हामी येशूका मृत्यु र पुनरुत्थानको बारेमा पाउँदछौ।**



*किनभने मलाई थाह छ, तिमीहरु क्रुसमा टाँगीनु-भएको येशूलाई खोज्दैछौ। ... उहाँ जीवित भई उठनु भएको छ।*

मत्ति २८:५,६



# प्रतिज्ञा - तपाई निर्दोष हुनु भएको छ

*"**मैले** उद्धार पाउन के गर्नु पर्दछ?"* यो प्रश्न एक झयालखानाको भयभीत हाकिमले प्रेरित पावललाई हजारौं वर्ष पहिले गरेका थिए। यहि प्रश्न आज धेरै मानिसहरु सोध्ने गर्दछन्। "मैले उद्धार पाउन के गर्नु पर्दछ?" हामीले उद्धार पाउनको लागि अब केही गर्नुपर्ने छैन। परमेश्वरले सबै कुरा पुरा गर्नुभयो। उहाले प्रभु येशु ख्रीष्टद्वारा हामीलाई उद्धार दिनु भयो। उहाँले हामीलाई यो प्रतिज्ञा गर्नु हुन्छ, की हाम्रा पाप क्षमा गरिएका छन्। हामी निर्दोष ठहरिएका छौं।

निर्दोष ठहरिनु भनेको के हो? यो परमेश्वरको एउटा यस्तो न्यायपूर्ण कार्य हो जस अनुसार उहाँले तपाईलाई प्रभु येशू ख्रीष्टको कारण निर्दोष ठहऱ्याउनु हुन्छ। एउटा मानिस, आदमको कारण यस संसारमा पाप प्रवेश भयो र पापको कारण मृत्यु आयो। यसै गरी एउटा मानिस, येशू ख्रीष्टको कारण सम्पूर्ण संसार निर्दोष ठहरिएको छ। प्रभु येशू ख्रीष्टले क्रुसमा आपनो प्राण दिएर सबै मानिस जातिका पापहरु आफू माथि लिनु भयो। बाइबलले हामीलाई भन्दछ, *"परमेश्वरले हामी सबैको अर्धमको बोझ उहाँमाथि लाद्नु भयो।"* क्रुसमा हाम्रो पापको दण्ड स्वरुप मृत्यु ग्रहण गरेपछि विजय भएर जीवित हुनु भयो। बाइबलले हामीलाई फेरी भन्दछ, *"येशूलाई हामीहरुको पापको लागि दिइयो र हामीलाई निर्दोष तुल्याउनको लागि फेरि जीवित गरियो।"*

परमेश्वर आफनो अनुग्रहले हामीलाई निर्दोष गराउनु हुन्छ अर्थात हामीहरुका पापहरु क्षमा गर्नुहुन्छ। बाइबलले हामीलाई सम्झाउँछ, *"अनुग्रहद्वारा हामीहरुको उद्धार भएको छ।"* अनुग्रह परमेश्वरको त्यस्तो प्रेम हो, जसको योग्य हामीहरु छैंनौ। प्रेमको कारणले परमेश्वरले पुत्रलाई संसारमा पठाउनु भयो। आदम र हब्बा पापमा परेपछि प्रतिज्ञा गरे अनुसार उहाँले गर्नु भयो। अनुग्रहद्वारा, परमेश्वरको पुत्र येशू आफै इच्छा गरेर यस पृथ्वीमा पूर्ण निर्दोष जीवन जिउन र निर्दोष भएर पनि क्रुसमा प्राण त्याग्न तैयार हुनुभयो। उहाँले यी सबै तपाईको साटोमा गर्नुभयो। तपाईले दुःख भोग्नु पर्ने ठाउँमा उहाँले दुःख भोग्नु भयो। बाइबलले हामीलाई बताउँछ की, *"अनुग्रह र सत्यता येशू ख्रीष्टद्वारा आयो।"*

यसैगरी हामी देख्दछौ की परमेश्वरले तपाईको कुनै असल कामको कारण नभएर येशू ख्रीष्टद्वारा तपाईको उद्धार गर्नु भएको छ। कसरी तपाई यो उद्धार पाउन सक्नु हुन्छ? प्रभु येशू ख्रीष्टमा विश्वास गरेर। *"विश्वासद्वारा अनुग्रहबाट तपाईको उद्धार भएको छ।"* हामीलाई बाइबलले भन्दछ।

विश्वास पनि परमेश्वरद्वारा दिइएको एउटा बरदान हो। येशू ख्रीष्टलाई आफनो उद्धारकर्ताको रुपमा विश्वास गर्नुको अर्थ उहाँ माथि पूर्णरुपमा विश्वास गर्नु वा भरोसा राख्नु हो। यदि कोही ख्रीष्टियनले, "म विश्वास गर्दछु भन्दछ भने," यसको अर्थ हो उ परमेश्वरमा पूरा भरोसा राख्दछ।

*परमेश्वरका अनुग्रहको वर दानले ख्रीष्ट येशूमा भएको उद्धारबाट तिनीहरु सित्तैमा धर्मी ठहरिएकाछन।*

रोमी ३:२४

अनि विश्वास गर्दछ  किनभने परमेश्वरको प्रत्येक प्रतिज्ञा पुरा हुनेछ। यो विश्वास हाम्रो हृदयमा प्रवेस गर्दछ र परमेश्वरको सु-समाचारद्वारा जीवित रहन्छ। जुन हामीलाई परमेश्वरको वचन, वप्तिसमा र प्रभुभोज जस्ता पवित्र धार्मिक विधिहरुबाट मिल्दछ।

परमेश्वरको अनुग्रह र विश्वासद्वारा, जुन परमेश्वरको वरदान हो, हामी परमेश्वरको दृष्टिमा निर्दोष र पवित्र ठहरिन्छौ। प्रभु येशू खीष्टको धार्मिकताद्वारा हाम्रा पापहरु ढाकिएका छन्। फलस्वरुप परमेश्वर अव हाम्रा पापहरु तिर होइन तर येशूको धार्मिकतातिर दृष्टि गर्नुहुन्छ। यसैले परमेश्वर हामीहरुलाई प्रभु येशू खीष्टको कारण धर्मी र न्यायसंगत ठहरयाउनु हुन्छ।

अर्को शब्दमा परमेश्वरले हामीहरुको लागि सबै कुरा पूरा गरि दिनु भयो। हामीलाई कुनै कुरा गर्नुपर्ने आवश्यकता छैन। यो कुरा परमेश्वर हामीलाई बाइबलमा भन्नु हुन्छ, *"किन भने अनुग्रहबाट विश्वासद्वारा तिमीहरुले उद्धार पाएका छौ र यो तिमीहरु आफैबाट होइन यो त परमेश्वरको वरदान हो। कर्महरुद्वारा होइन, नत्र त मानिसले घमण्ड गर्ने छ।"*

परमेश्वरले दिनुभएको यो स्पष्ट वचन पछि पनि कति मानिसहरु यस सम्पूर्ण निर्दोष धार्मिकताको उपेक्षा गर्दछन् र आफना असल  काम र धर्म कर्मद्वारा यसलाई पाउन खोज्दछन्। तर तिनीहरुका धर्म कर्म र असल काम वेकार छन्। किनकि धर्म कर्म र असल कामद्वारा परमेश्वरबाट उद्धार पाउन सकिदैन। यो प्रश्न, "मैले उद्धार पाउन के गर्नु पर्दछ?" को उत्तर हो, केही गर्नु पर्दैन्। "येशू खीष्टमा विश्वास" गर्नु मात्र यसको सहि उत्तर हो। यहाँ सम्म की हाम्रो विश्वास गर्नु मात्र यसको सहि उत्तर हो।

यहाँ सम्म की हाम्रो विश्वास पनि परमेश्वरको वरदान हो, हाम्रो सु-समाचारको प्रतिज्ञाद्वारा पाउँदछौ। यसकारण अब प्रत्येक विश्वासीजन् परमेश्वरको क्षमा प्रति निश्चित हुन सक्छ किनभने त्यो मानिसको कुनै पनि काममा निर्भर छैन्। यदि परमेश्वरले दिनु हुने क्षमा मानिसहरुको काममा निर्भर हुन्थ्यो भने हामी कहिल्यै पनि निश्चित हुने थिएनौ किनकि कति धेरै असल काम गरेर क्षमा प्राप्त हुन्छ। कसले नाप्न सक्छ? अव एउटा विश्वासी आफनो उद्धार प्रति निश्चित हुन सक्छ। किनभने उसको पापको क्षमापूर्णरुपले प्रभु येशूले गर्नु भएको कार्यमा निर्भर छ। जुन येशूले गरिसक्नु भएको छ।

अब सर्वप्रथम हाम्रो जीवनको सुन्दर उद्देश्य यो होस्  की येशू खीष्ट सँग सम्बन्धित सु-समाचारको बारेमा बाइबलबाट जानौ। देखो तपाईले यस सु-समाचारलाई आपना साथीहरु, छिमेकी, अन्यहरु सँग सुनाउन चाहनु भएकोहोस्। उनीहरुलाई बताउनुहोस की परमेश्वरले तपाईको लागि सवै पुरा गरिदिनु भयो। तपाई उनीहरुलाई बताउनुहोस् की परमेश्वरको अनुग्रह र येशू खीष्ट हाम्रो उद्धारकर्ता माथि विश्वास गरेर हामी निर्दोष ठहरिएकाछौ तथा परमेश्वरको अनुग्रहद्वारा हाम्रा पापहरु क्षमा गरिएकाछन्।

**यसबारेमा अरु थाहा पाउन बाइबलमा रोमीको पुस्तक तिन अध्याय पढ्नुहोस्।**





# प्रतिज्ञा - तपाई सँग शान्ति छ

**परमेश्वर** पिता, परमेश्वर पुत्र, परमेश्वर पवित्र आत्मा। हामी पिता परमेश्वरको बारेमा जान्दछौ। खास्गरी उहाँले गर्नु भएका यस संसार र मानव जातिको सृष्टिको बारेमा, हामी परमेश्वरको पुत्र येशू खीष्ट र उहाँले हाम्रो लागि के गर्नुभयो जान्दछौ। तर पवित्र आत्माको बारेमा हामी के जान्दछौ? पवित्र आत्मा को हुनुहुन्छ? उहाँले हाम्रो लागि के गर्नुभयो?

छोटकरीमा भन्ने हो भने पवित्र आत्मा परमेश्वर पिता र पुत्र सँग एक परमेश्वर हुनुहुन्छ। यी तीन एकै अस्तित्व हुन्। उहाँ समानरुपमा सामर्थवान र पवित्र हुनुहुन्छ। पवित्र आत्माको काम पनि हामीहरुका लागि अत्यन्त महत्वपूर्ण छन्।

पवित्र आत्माको काम सर्वप्रथम त तपाईलाई विश्वास गर्नको लागि प्रेरित गर्नुहुन्छ। परमेश्वरको सु-समाचार र धार्मिक विधिद्वारा उहाँ हामीहरुलाई यस अविश्वासी संसार देखि अलग बोलाउनुहुन्छ। स्वभावैले तपाई आत्मिक रुपमा मृतक हुनुहुन्छ। पवित्र आत्माले हामीलाई आत्मिक जीवन प्रदान गर्नुहुन्छ। तपाँई पहिले पापको अध्यारोमा रहनुहुन्थ्यो, अव विश्वासी प्रतिज्ञाको ज्योतिमा जिउनुहुन्छ।

अर्को महत्वपूर्ण काम जो पवित्र आत्मा गर्नुहुन्छ, त्यो हो विश्वासीहरुलाई अनेक अचम्मका आत्मिक वरदान दिनु। हामीले हाम्रो पाप क्षमा गरिएको र वरदानको बारे जानि सकेका छौ, तर अझै धेरै अरु वरदान पनि छन्।

तपाई र हामी अब परमेश्वरको शान्तिमा छौ। अव हामी परमेश्वर सँग डराउनु पर्दैन। अब हामी जान्दछौ की उहाँ प्रेमी र क्षमाशील प्रभु हुनुहुन्छ। बाइबलमा हामी जान्दछौ, *"धार्मिकताको फल शान्ति हो।"*

तपाई र म सँग आशा छ। हाम्रो दैनिक जीवनमा अनेकौ आशाहरु हुन्छन। एक साना बालक विद्यालय जाने आशा गर्दछ। एक जवान व्यक्ति इमान्दर पति वा पत्नी पाउने आशा गर्न सक्छन्। कुनै बृद्धलाई आफनो स्वास्थको आशा हुन्छ। तर पवित्र आत्मा त्यो भन्दा ठूलो आशा दिनुहुन्छ, स्वर्गको अनन्त जीवनको आशा। परमेश्वरको वचनले हामीलाई सम्झाउँछ, *"हामी त्यो धन्य, आशाको प्रतिज्ञा गर्दछौ जो हाम्रा महान् परमेश्वर र उद्धारकर्ता येशू खीष्टको महिमामय आगमन् हो।"*

तपाई र म सँग एउटा आनन्दित जीवन छ। जब हामी कहिले आफनो जीवनमा घटनाहरुको कारण हतोत्साहित हुन्छौ, र यहाँ सम्म की निरास हुन्छौ, तव सु-समाचारद्वारा हाम्रो मनोबल बढ्दछ। हामी परमेश्वर तिर सहायताको लागि दृष्टि लगाउछौ, किनकि हामी जान्दछौ, उहाँ हाम्रो प्रार्थना सुनुहुन्छ। फलस्वरुप हाम्रो जीवन आनन्दले भरपुर हुन्छ। बाइबलमा हामी पढ्दछौ, *"हामी परमेश्वरको महिमा को आशामाआनन्दित हुन्छौ।"*

*यसैकारण विश्वासद्वारा धर्मी ठहरिएका भएर हाम्रा प्रभु येशू खीष्टद्वारा हामो परमेश्वर सँगे मिलाप भएको छ।*

रोमी ५:१

हामी सँग सान्तवना छ। जब हाम्रो जीवनमा दुःखदायि दिनहरु आउछन् हामी हाम्रो परमेश्वरको सान्तवना पूर्ण वचनहरु बाइबलमा पढ्न सक्छौ, "*मेरो कठिनाईमा मेरो सान्तवना यो होः तपाईको पतिक्षाले मेरो जीवनलाई फेरि नयाँ बनाउँछ।*"

आत्मिक वरदानको साथ साथै पवित्र आत्मा हामीहरुलाई पापपूर्ण कार्यलाई घृणा गरेर भलाईद्वारा पूरा जीवन विताउन प्रेरित गर्नुहुन्छ। असल काम त्यो काम हो, जुन एक विश्वासीले प्रेमपूर्वक परमेश्वरको वचन अनुसार गर्दछ र परमेश्वरका सवै भलाईको निम्ति उहाँलाई धन्यवाद दिन्छ।

प्रभु येशूमा विश्वास गरेको कारण हामी एक अर्का प्रति उद्धार र क्षमाशील हुन्छौ। जसरी परमेश्वरले प्रभु येशूको खातिर हामीहरुलाई क्षमा गर्नुभयो। हामी आफना वरपरका मानिसहरु प्रति धैर्यवान हुन चाहन्छौ। शिष्टता पनि विश्वासीको एक विशेष गुण हो। हामी आफना प्रत्येक नराम्रा वानीहरु माथि नियन्त्रण गर्न चाहन्छौ। यी सबै एक विश्वासी मानिसका जीवनका अंश हुन्। जुन सु-समाचारलाई उपयोग गरेर पवित्र आत्माले हाम्रो जीवनमा कार्यान्वयन् गर्नु भएको छ।

तर एउटा अर्को काम जुन पवित्र आत्मा हाम्रो जीवनमा गर्नुहुन्छ। शैतान संसारका अविश्वासी मानिसहरु र संयम हाम्रो पापमय स्वभाव हामीहरुको विश्वासलाई कमजोर पार्ने कोशिष गर्दछन। यिनीहरु हामीलाई असल काम गर्ने देखि रोक्दछन। पवित्र आत्मा, जुन हामीहरुको विश्वासलाई बलियो पार्नुहुन्छ। हाम्रो विश्वासलाई नयाँ बनाउनु हुन्छ। ताकि हामीहरु परमेश्वरको इच्छालाई पूरा गर्न सकौ। उहाँ हामीलाई जीवन भरी दृढ विश्वासमा राख्नुहुन्छ। जव सम्म हामी स्वर्गको अनन्त आनन्दमा प्रवेश गर्दैनौ।

परमेश्वर चाहनु हुन्छ की तपाईको उद्धार होस्। यसकारण यो महत्वपूर्ण छ की तपाईले परमेश्वरको वचन सुन्नुहोस्। तपाईलाई बाइबलको अध्ययन् गर्नु जरुरी छ। तपाई पवित्र आत्मालाई तपाईको हृदयमा विश्वास उत्पन्न गर्न दिनुहोस्। ताकि तपाईलाई एक ख्रीष्टीयन जीवन जिउन सहायता होस्। परमेश्वरको वचनलाई तपाईको हृदयमा चम्किन दिनुहोस्। यदी तपाई सँग बाइबल छैन भने कृपया एउटा बाइबल खोज्नुहोस् यदी छ भने पदनहोस्। येशू ख्रीष्टको सु-समाचार हामी विशेष गरी मत्ती, मर्कूस, लूका र यूहन्नाको पुस्तकमा पाउँछौ। उहाँ सँग तपाईको लागि अनन्त जीवनका वचन छन्।

**बाइबलमा रोमीको पुस्तक पांच**
**अध्याय पढ्नुहोस्।**

*मेरो शक्ति दुर्बलतामा*
*सिद्ध हुन्छ।*

**२ कोरिन्थी १२:९**





*येशूले भन्नु भयो,*
*"बाटो, सत्य र जीवन*
*म नै हुँ।"*

**यूहन्ना १४:६**

# प्रतिज्ञा - अनन्त जीवन तिर लैजान्छ

**यदि कुनै मानिसको** मृत्यु भयो भने के फेरी जीवित हुनसक्छ? यस प्रश्नको जवाफमा अख्रीष्टियनहरू भन्दछन्, हुदैन। दार्शानिकहरु भन्दछन् हुन पनि सक्छ, परमेश्वर माथि विश्वास गर्ने विश्वासीहरु मात्र निश्चित भएर भन्न सक्छन, फैरी जिवीत हुन सक्छु। एउटा विश्वासीले मात्र यस्तो उत्तर दिन सक्छ किनभने उसको उत्तरको आधार ख्रीष्ट येशूमा भएको उसको विश्वास हो।

येशूले प्रतिज्ञा गर्नुभयो, *"पुनरुत्थान र जीवन म नै हुँ, मलाई विश्वास गर्ने मर्‍यो भने पनि जिउने छ, जिउने र मलाई विश्वास गर्ने प्रत्येक कहिल्यै मर्नेछैन।" कहिल्यै मर्ने छैन?* के हामी हाम्रो जीवनको कुनै समयमा आफनो प्रियजनको मृत्युमा सहभागी भएका छैनौं? के हामी आफै पनि आफनो मृत्युलाई प्रतिज्ञामा पाउदैनौ?

यो अवश्य नै हो कि हाम्रो शरीर मर्ने छन् र चिहान्मा राखिने छन् तर हामी जान्दछौं की मानिससंग एउटा आत्मा पनि छ। मृत्यु नैं शरीरबाट आत्मा अलग हुनु हो। शरीर समाप्त मै सकेपछि आत्मा जीवित रहन्छ। एक अख्रीष्टियनहरू आत्मा अनन्त दण्डको निम्ति नरकमा फालिन्छ त्यहाँ त्यो आत्मा शैतान र त्यसको दुष्ट आत्माहरूको साथमा रहन्छ। त्यहाँ त्यो अनन्तसम्म दुःख पिडामा पर्छ।

अर्को तिर एक विश्वासीको आत्मा तुरुन्त स्वर्गतिर जान्छ। जुन परमेश्वरको उपस्थितिले परिपूर्ण स्थान हो। त्यहाँ यो आत्मा परमेश्वर, सम्पूर्ण विश्वासी तथा पवित्र स्वगदूतहरूको साथमा रहन्छ।

यस संसारको अन्तिम दिनमा येशू ख्रीष्ट सबै जीवित र मृतकहरुको न्याय गर्न आउनुहुनेछ। त्यस दिन सबै मृत शरीर पुनः जीवित हुनेछन्। तिनीहरु आफनो आत्मासंग गएर मिल्नेछन्। एकातिर अविश्वासीको आत्मा र शरीरलाई कहिले अन्त नहुने नरकको दुःख पिडामा खसालीने छ। अर्कोतिर विश्वासीको महिमित आत्मा र सुन्दर शरीर स्वर्गको आनन्दमा सधैका लागि जीवित रहनेछन्।

हामी जान्दैनौ स्वर्ग कस्तो छ। तर बाइबलले हामीलाई धेरै कुरा स्वर्गको बारेमा बताउँछ। जसबाट हामी थाहा पाउँदछौ की स्वर्ग कस्तो होला? बाइबलले हामीलाई बताउँछ की हामी प्रभु येशूको उपस्थितिमा रहने छौ, स्वर्ग परम आनन्द र हर्षको स्थान हुनेछ। स्वर्गमा कुनै दुःख पिडा, शोक र मृत्यु हुने छैन। किनकि जुन दुष्ट कुरा हामीले पृथ्वीमा अनुभव गर्‍यौ समाप्त भै हाल्नेछन्, त्यो अनन्त आनन्दको स्थान हुनेछ। त्यहाँ हामी अफना प्रियजनहरु सँग भेटनेछौ जो प्रभु येशूमा मृत्यु भैसकेकाछन्।

स्वर्गमा हामी परमेश्वरको सिंहासनको चारैतिर उपस्थित स्वर्गदूत को साथमा आपनो आवाज मिलाएर आपनो परमेश्वर र उद्धारकर्ताको

स्तुति गर्दै भन्ने छौ, *"योग्य हो त्यो थुमा जसलाई मारियो की सामर्थ, सम्पति, आपार, ज्ञान, शक्ति, आदर महिमा र स्तुती पाउँन।"* स्वर्गदूतको साथमा हामी पनि आनन्दपूर्वक गाउने छौ। *"पवित्र, पवित्र, पवित्र उहाँ सर्वशक्तिमान् प्रभु हुनुहुन्छ जो हुनुहुन्थ्यो, हुनुहुन्छ र सदासर्वदा रहनुहुनेछ।"* आत्मीकताका साथ, प्रभुको प्रत्येक विश्वासीले त्यस दिनको प्रतीक्षा गर्नु पर्छ जुन बेला हामी स्वर्गमा उद्धारकर्ताको साथता हुन्छौ। अब एउटा प्रश्न छ उसको उत्तर तपाईले दिनु पर्नेछ। यदि आजै तपाई एउटा संसारबाट विदा लिनु पऱ्यो भने तपाई कहाँ जानुहुन्छ? तपाईको आत्मा कहाँ जानेछ? स्वर्गमा वा नरकमा। यदि स्वर्गमा जानुहुन्छ भने परमेश्वरले तपाईलाई के अनुमति दिनु होला? याद राख्नेहास, परमेश्वर तपाईको जीवनमा पूर्णरूपमा पवित्रता चाहनुहुन्छ। उहाँले भन्नु भयो। *"तिमी पवित्र हुने छौ किनकि म परमेश्वर तिमीहरूका ईश्वर पवित्र छु।"* परमेश्वर हाम्रो जिवनमा के दख्नुहुन्छ? उहाँ पापलाई देख्नहुन्छ। यदि कसैले म पापी हुँ भन्ने इन्कार गर्दछ भने यो वहाना बनाएर आफैलाई बचाउने प्रत्यन हो। कि "म अरु भन्दा असल छु, म जे असल छ त्यही काम गर्ने कोशीष गर्छु। तर परमेश्वरले हामीलाई भन्नु हुन्छ व्यवस्थाका कामहरुद्वारा कोही पनि धर्मी हुने छैन।" उसका पाप पनि क्षमा छैनन्। अब तपाई के गर्न सक्नुहुन्छ? परमेश्वरले तपाईको उद्धारको लागि सबै कुरा गर्नुभयो। परमेश्वरले तपाईलाई प्रभु येशूद्वारा बचाउनु भएको छ। येशू सबै "हराएकाहरुलाई खोज्न र उद्धार गर्न" आउनु भएको थियो। येशूले क्रुसमा तपाईले पाउनु पर्ने दण्ड भोगेर आफनो प्राण दिनु भयो। अब परमेश्वर प्रभु येशूको कारण तपाईलाई धर्मी ठहऱ्याउनुहुन्छ। तपाईको लागि परमेश्वरको प्रतिज्ञा छ। ***"प्रभु येशूमा विश्वास गर, र तिमीहरु उद्धार पाऔं।"***

**स्वर्गको बारेमा अझै जान्नको लागि प्रकाशको पुस्तक सात अध्याय पढ्नुहोस्।**

*प्रार्थना*

*प्रिय परमेश्वर, तपाईको वचनद्वारा मैले धेरै कुरा सिके की म एक पापी हुँ, म जान्दछु की मलाई उद्धारकर्ताको आवश्यकता छ। तपाईले मलाई प्रभु येशूलाई दिनु भएको छ। उहाँ मेरो उद्धारकर्ता हुनुहुन्छ। म प्रार्थना गर्दछु की तपाई मेरो हृदय र बुद्धिलाई खोल्नु होस्, र साथै येशूमा विश्वास गर्न सकुँ। येशूद्वारा मलाई स्वर्गमा अनन्त जीवन तिर डोऱ्याउनु होस्। यि सबै प्रभु येशूको नाउँमा माग्दछु। आमिन।*




*... र परमेश्वरले तिनीहरुका आँखाबाट सबै आँसु पुछिदिनुहुनेछ।*

**प्रकाश ७:१७**

Multi-Language Productions
Bringing the Word to the World

Copyright © 2003 - WELS-BWM
Second Printing 2007
THE PROMISE - Nepali
**MLP Catalog No. 387396**



Photos by Paul Dymond, Garth McCormack, Richard I'Anson and Izzet Keribar of Lonely Planet Images.